नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## भक्तपुर

पत्र संख्याः- ०७७/७८

चलानी नं.:-

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय भक्तपुर

मितिः २०७८।०१।१३

### भक्तपुरका प्रमुख जिल्ला अधिकारीबाट जारी गरेको आदेश

विश्वभरी फैलिदैं गईरहेको नयाँ भेरियन्टको कोभड-१९ महामारी नेपालमा समेत फैलिएको र पछिल्ला दिनहरुमा भक्तपुर  उपत्यकामा समेत संक्रमण तीव्ररुपमा बढिरहेको हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि संक्रामक रोग ऐन,  २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/०१/१६ गते विहान ६:०० बजे देखी मिति २०७८/०१/२२ गते राती १२:०० बजेसम्म भक्तपुर  जिल्लाभर लागू हुने गरी देहाय बमोजिमको आदेश जारी गरिएको छ ।यो आदेशको पालना गर्नु गराउनु सबै व्यक्ति/संघ संस्था/पेशाकर्मी/व्यवसायी तथा आमनागरिकको कर्तव्य हुनेछ र यो आदेशको उल्लंघन गरेमा प्रचलित कानून अनुसार कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

<u>तपसिल</u>

१. सभा सम्मेलनको हकमा

- सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, सपिङ मल, मनोरञ्जन स्थल, सैलून, ब्यूटी पार्लर, जिमखाना, समूहमा खेलिने खेलकुद, पुस्तकालय, संग्रहालय, चिडियाखाना आदि सञ्चालन गर्न नपाइने । विवाह व्रततबन्धको हकमा बढीमा १५ जना सम्म स्वास्थ्य प्रोटोकल पालना गर्ने गरी जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिएर मात्र गर्ने ।

२. सार्वजनिक एवं निजी सवारी साधन सञ्चालनको हकमा

- सार्वजनिक एवं निजी सवारी साधन सञ्चालनमा मिति २०७८/०१/१६ गते विहान ६:०० बजे देखी मिति २०७८/०१/२२ गते राती १२:०० बजेसम्म भक्तपुर  जिल्लाभर रोक लगाउने ।
- अत्यावश्यक सामग्री बोकेका ढुवानीका सवारी साधन, विरामी तथा कुरूवा (बढीमा २ जना) बोकेका एम्बुलेन्स, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन बाहेक अन्य सवारी साधन भक्तपुर  जिल्ला भित्र प्रवेशमा रोक लगाउने ।
- अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, स्वास्थ्य, खाद्यान्न, तरकारी, फलफूल, दूध तथा दूग्धजन्य पदार्थ, बैङ्क, वित्तीय संस्था, दूरसंचार, इन्टरनेट, क्वारेन्टाइन, आइसोलेसन, फोहोरमैला व्यवस्थापन, लगायतका ढुवानी तथा यातायातका साधनमा विषय उल्लेख गरी संचालन गर्न पाउने ।
- सरकारी कार्यालय लगायतका सार्वजनिक सेवा प्रदायक संस्थाको हकमा सम्बन्धित मन्त्रालय वा विभागबाट जारी भएको अनुमति पास लिई सवारी साधन प्रयोग गर्न पाइने ।

मुकेश कुमार केशरी

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
भक्तपुर

- विकास निर्माण कार्यमा प्रयोग हुने जनशक्ति र सामग्री ढुवानीका साधनको हकमा सम्बन्धित आयोजना वा कार्यालय प्रमुखको सिफारिसको आधारमा प्रमुख जिल्ला अधिकारीले जारी गरेको अनुमति पास लिएर मात्र सञ्चालन गर्न पाउने ।
- अन्तर्राष्ट्रिय उडानबाट विदेश जाने यात्रुहरुको हकमा हवाई टिकट, पासपोर्ट, भिषा हुनेहरुलाई सिधै एयरपोर्ट जाने सवारी साधनको हकमा सहजीकरण गरिने ।
- माथि उल्लेखित बाहेक अन्य अत्यावश्यक काम (अस्पताल आउने जाने बिरामी र कुरुवा, मृत्यु संस्कारमा अनिवार्य रुपमा सहभागी हुनु पर्ने अवस्था) का लागि सवारी साधन प्रयोग गर्नुपरेमा प्रमुख जिल्ला अधिकारीबाट जारी हुने अनुमति पास लिनु पर्ने ।

३. **अत्यावश्यक खाद्य सामग्रीको हकमा**

- खाद्य सामग्री र औषधि तथा स्वास्थ्य सामाग्री सम्वन्धि पसल व्यवसाय बाहेकका अन्य पसल व्यवसाय हाललाई बन्द गर्ने र खाद्य सामग्रीहरुका पसल व्यवसाय बिहान १० बजेसम्म र बेलुका ५ बजे देखि ७ बजे सम्म खुल्ला गर्ने ।
- डिपार्टमेन्ट स्टोरको हकमा ग्रोसरी कक्षमात्र बिहान १० बजे देखि बेलुका ५ बजे सम्म सञ्चालन गर्ने ।
- खाद्य सामग्री, ग्रोसरी पसल, औषधि पसल जस्ता अत्यावश्यक सेवाका व्यवसाय संचालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण रुपमा पालना गर्ने ;

४. नेपाल सरकारका कर्मचारी, वैक तथा वित्तीय संस्था र अन्य अत्यावश्यक सेवामा कार्यरत कर्मचारीको हकमा कार्यालयले जारी गरेको परिचयपत्रको आधारमा आवत जावत गर्न दिने ।

५. संचारकर्मी / पत्रकारको हकमा सूचना संकलन तथा सम्प्रेषण गर्न सूचना विभागले जारी गरेको परिचय पत्रको आधारमा आवतजावत गर्न दिने ।

६. काठमाडौ उपत्यका प्रवेश गर्ने व्यक्तिहरुले अनिवार्य रुपमा स्थानीय तहले तोकेको क्वारेन्टाइन र होम आइसोलेसन मा वस्नु पर्ने ।

७. अत्यावश्यक बाहेकका अन्य सार्वजनिक सेवा हाललाई स्थगन गर्ने ।

२०७८।१।१२
मुकेश कुमार केशरी
सहायक प्रमुख जिल्ला अधिकारी

वेभसाइट: daobhaktapur.moha.gov.np ईमेल: daobhaktapur@gmail.com ☎ ६६१४४३७, ६६१४८०१, ६६१०१०६ 🖷 ६६१४६०७